त्रिभुवन विश्वविद्यालय
**Tribhuvan University**
शिक्षाध्यक्षको कार्यालय
**Office of the Rector**

कीर्तिपुर, काठमाडौं
नेपाल
**Kirtipur, Kathmandu**
**Nepal**

# समन्वय महाशाखा
# COORDINATION DIVISION

पत्र संख्या / Ref. No.: स.शा. (३यू) च.नं. २८१-०७६/०७७

मिति / Date: २०७६/५/८

द.नं. २४८/६६/७६
०६/५/११

श्रीमान् डीनज्यू,
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
त्रि.वि., कीर्तिपुर ।

विषय: त्रि.वि. वृत्तिमा उच्च अध्ययनको सूचना सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्रि.वि. जनशक्ति विकास तथा कल्याण कार्यक्रम २०७६/०७७ अन्तर्गत विद्यावारिधि र उच्च अध्ययनका निमित्त तोकिएका आन्तरीक र खुल्ला कोटाहरुमा आवेदन दिन इच्छुक त्यस अध्ययन संस्थान/संकाय मातहतका क्याम्पस/कार्यालयका शिक्षक तथा कर्मचारीहरुलाई त्रि.वि. जनशक्ति विकास तथा कल्याण कार्य पद्धति २०७५ को अनुसूचि १ अनुसारको फाराम भर्न लगाई यसै साथ संलग्न सूचना अनुसारको म्याद भित्र त्रि.वि. समन्वय महाशाखामा आइपुग्ने गरी पठाइदिने व्यवस्थाको लागि अनुरोध गर्दछु । साथै कार्यपद्धतिमा तोकिए बमोजिमको आवेदन फाराम त्रि.वि. को वेबसाइट www.tribhuvan-university.edu.np बाट पनि डाउनलोड गर्न सकिनेछ । यो सूचना सम्बन्धित सबैलाई जानकारी गराइदिने व्यवस्थाका लागि समेत अनरोध गर्दछु ।

श्री प्रशासन
सूचना टाँस गरिदिनु
(signature)
०७६/५/१२

भवदीया,

(signature)
माधवी शाह
प्रमुख

संलग्न:
१. सूचना थान १
२. आवेदन फाराम नमूना थान २

मिति २०७६।५।६ को गोरखापत्रमा प्रकाशित

## त्रि.वि. जनशक्ति विकास तथा कल्याण कार्यक्रम आ.व. २०७६।०७७ अन्तर्गत त्रिभुवन विश्वविद्यालय वृत्तिमा उच्च अध्ययनको लागि आवेदन आह्वानको सूचना

त्रि.वि.का शिक्षक/कर्मचारीहरुको वृत्ति विकासका लागि जनशक्ति विकास तथा कल्याण कार्यक्रम आ.व. २०७६।०७७ अन्तर्गत शिक्षकहरुका लागि विद्यावारिधि/एम.फिल. तह र कर्मचारीहरुका लागि स्नातकोत्तर तथा स्नातक तह अध्ययनका निमित्त त्रि.वि.मा उपत्यका भित्र स्थायी सेवा ३ वर्ष पुगेका तथा उपत्यका बाहिर २ वर्ष पुगेका र ५० वर्ष उमेर ननाघेका तोकिएको आन्तरिक विषयमा र खुल्ला तर्फ आवेदन दिन इच्छुक योग्य शिक्षक/कर्मचारी तथा त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पस/कार्यालयमा कार्यरत शिक्षकहरुले यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ दिन भित्र त्रि.वि. जनशक्ति विकास तथा कल्याण कार्यपद्धति २०७५ को अनुसूची १ अनुसार फाराम भरी सम्बन्धित निकाय प्रमुखबाट प्रमाणित गराई त्रि.वि. शिक्षाध्यक्षको कार्यालय, समन्वय महाशाखा, कीर्तिपुरमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ । साथै कार्य पद्धतिमा तोकिए बमोजिमको आवेदन फाराम तथा अन्य विस्तृत व्यहोरा त्रि.वि.को वेब साइट www.tribhuvan-university.edu.np. बाट जानकारी प्राप्त गरी डाउनलोड समेत गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

त्रि.वि.शिक्षाध्यक्षको कार्यालय,
समन्वय महाशाखा,
कीर्तिपुर, काठमाडौं ।
फोन नं. ४३३१०४४